# रायमाझी अझै फेला परेनन्

## मोर्लेको विरोधमा एनओसीले लेख्यो पत्र



रिचार्ड मोर्ले



उत्तम रायमाझी

**नयाँ पत्रिका**
काठमाडौं, २० वैशाख

फ्रान्समा हराइरहेका नेपाली स्कियर उत्तम रायमाझीको अवस्थाका बारेमा अन्योल कायमै छ।

फ्रान्सेली अल्पाइन स्कियरको तालिम शिविर रहेको नेहोभाबाट सोमबार अचानक बेपत्ता भएका १७ वर्षीय रायमाझीको पछिल्लो अवस्था पत्ता लगाउन फ्रान्सेली प्रहरी पनि असमर्थ भएको एजेन्सीले जनाएका छन् । तर, उनी बेपत्ता भएकै दिन केही मानिसले उनलाई देखेको दावी पनि गरेको बताइएको छ। सोमबार बेपत्ता भएका रायमाझीका बारेमा उनका प्रशिक्षक रिचार्ड मोर्लेले बिहीबार मात्र विज्ञप्ति सार्वजनिक गर्नुलाई समेत रहस्यको रूपमा हेरिएको छ।

फ्रान्सेली भाषाको कुनै ज्ञान नभएका रायमाझी विनापैसा केही लुगाकै भरमा बेपत्ता भएको मोर्लेले बताएका छन् । जसले गर्दा उनका टोलीका अन्य साथीहरू चिन्तामा रहेको एजेन्सीले जनाएको छ। मोर्लेले आफ्नो विज्ञप्तिमा रायमाझीले बेपत्ता भएको दिन जेहोभाको एक चर्चमा आश्रय लिएको समेत बताएका छन्। हिमपातका समयमा बेपत्ता भएका रायमाझीका बारेमा बोर्ग सेन्ट माउरिसका प्रहरीले समेत कुनै प्रमाण भेट्टाउन सकेको छैन ।

मोर्लेकै पहलमा केही नेपाली स्कियरहरू आगामी शीतकालीन ओलम्पिकको तयारीमा व्यस्त थिए। तर, नेपाल ओलम्पिक कमिटी (एनओसी) र नेपाल स्की संघले त्यो तयारीलाई अनाधिकारिक बताइसकेको छ। एनओसी अध्यक्ष ध्रुवबहादुर प्रधानले रायमाझीको पछिल्लो अवस्थाबारेमा कुनै सूचना नपाएको बताए। साथै, उनले मोर्लेले तयार पारेको टोली अनाधिकृत रहेको विषयमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र अन्तर्राष्ट्रिय स्की महासंघमा आइतबार नै पत्राचार गरिएको जानकारी पनि दिए।

कुनैबेला बेलायती धनाढ्यमा गनिने मोर्ले हाल कमजोर आर्थिक अवस्थाबाट गुज्रिरहेका छन्। जसले गर्दा विदेशी छापाहरूमा उनले नेपाली निकायबाट आर्थिक सहयोग नपाएको गुनासो पोख्दै आएका छन्। तर, प्रधानले अनाधिकृत तयारीलाई सहयोग गर्ने बाचा कहिल्यै नगरिएको बताए।

कमजोर आर्थिक अवस्थाकै कारण रायमाझीसँगै अर्का खेलाडी श्याम ढकाल र सुवास खत्रीको प्रशिक्षणमा व्यवधान आएको एजेन्सीले जनाएको छ। नेपाली निकायलाई बद्नाम गराउने उद्देश्यबाट मोर्लेले त्यस्तो प्रचार गरिरहेको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव तथा नेपाल स्की संघका अध्यक्ष जीवनराम श्रेष्ठले बताएका छन्।

पूर्व स्कियर मोर्लेले सन् १९९७ मा अल्पाइन स्कीको नेपाली टोली गठन गर्नुका साथै नेपाली निकायको स्वीकृतिविना आफ्ना खेलाडीलाई शीतकालीन ओलम्पिकमा समेत सहभागी गराएका थिए। उनले धर्मपुत्र बनाएका जयराम खड्कालाई सन् २००१ को साल्टलेक शीतकालीन ओलम्पिकमा समेत सहभागी गराएका थिए।